# सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन (पहिलो संशोधन) विधि, २०७४

**प्रस्तावना:** सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले यो सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो सञ्चालन विधिको नाम "सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन,(पहिलो संशोधन) विधि, २०७४" रहेको छ ।

(२) यो संचालन विधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२ को दफा १ मा संशोधन : सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२ को दफा १ (यस पछि "मूल सञ्चालन विधि" भनिएको) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

(ख१) त्यस्ता बेसहारा व्यक्तिका बाबु आमा दुवै ७० वर्ष उमेर नाघेको वा बाबु आमा दिर्घ रोग लागि आफ्नै स्याहार र सुसार र आयआर्जन समेत गर्न नसक्ने असक्त भएको भनी कम्तिमा जिल्लास्तरको अस्पतालको सिफारिस भएकोलाई समेत बेसाहारा मानिनेछ ।

तर कर्णाली अञ्चलका बासिन्दा र दलित समुदायको हकमा बाबु आमा दुवैको उमेर ६० बर्ष नाघेको व्यक्ति सम्झनु पर्दछ ।

३. मूल सञ्चालन विधिको दफा १ को खण्ड (ग) मा संशोधनः सञ्चालन विधिको दफा १ को खण्ड (ग) मा रहेको "मान्ने" भन्ने शब्दको सट्टा मानिनेछ भन्ने शब्दह र "चल अचल सम्पत्तिको विषय समेत उल्लेख गर्नुपर्ने" भन्ने वाक्यांशको सट्टा "पुनर्स्थापना हुन चाहने व्यक्तिको हक लाग्ने सम्पत्ति प्रस्ट उल्लेख गर्नुपर्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

४. मूल सञ्चालन विधिको दफा २ मा संशोधनः मूल सञ्चालन विधिको दफा २ को,

१. दफा शिर्षकको "पुनर्स्थापना केन्द्र" भन्ने शब्दहरु पछि रहेको "(हाल नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र)" भन्ने वाक्यांश हटाइएको छ ।

२. खण्ड (क) को उपखण्ड (२) मा रहेको "प्रमाणित प्रतिलिपि" भन्ने शब्दहरु पछि "र नाबालकको हकमा जन्मदर्ताको प्रमाणित प्रतिलिपि" भन्ने वाक्यांश थपिएको छ ।

३. खण्ड (क) को उपखण्ड (४) मा रहेको "अति विपन्न भनी सम्बन्धित गा.वि.स./नगरपालिकाको वडा कार्यालय" भन्ने शब्दहरुको सट्टा "निवेदक वा निवेदकको संरक्षकको स्वामीत्वमा रहेको सम्पत्ति विवरण समेत खुलेको सम्बन्धित स्थानीय तहको" भन्ने वाक्यांश राखिएको छ ।

५. <u>मूल सञ्चालन विधिको दफा ३ मा संशोधनः</u> मूल सञ्चालन विधिको दफा ३ को खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखिएको छः-

"(२) महिला तथा बालबालिका कार्यालयले आवश्यक ठानेमा प्रहरी सर्जमीन समेत गराउन सक्नेछ ।"

६. <u>मूल सञ्चालन विधिको दफा ४ मा संशोधनः</u> मूल सञ्चालन विधिको दफा ४ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः-

"(ग) निवेदक पूर्ण असक्त बेसहारा र आर्थिक रुपले अति विपन्न भएकोले निजलाई आवासीय पुनर्स्थापनाका लागि पठाउन आवश्यक देखिएकोले सिफारिश गर्दछु ।

<u>सिफारिस गर्नेको</u>

नाम

पद

दस्तखत

कार्यालयको छाप"

७. <u>मूल सञ्चालन विधिको दफा ६ मा संशोधन</u> : मूल सञ्चालन विधिको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>पुनर्स्थापना केन्द्रमा पठाउने</u> मन्त्रालयले महिला तथा बालबालिका कार्यालयबाट पुनर्स्थापना हुनेको विवरण सहितको सिफारिस प्राप्त भएपछि देहायको समितिले पुनर्स्थापनाका लागि पठाउने गरी गरेको निर्णयको आधारमा पुनर्स्थापना केन्द्रमा पठाउने छः-

(क) सहसचिव, सामाजिक सुरक्षा महाशाखा, महिला, बालबालिका तथा

समाजकल्याण मन्त्रालय -संयोजक

(ख) शाखा प्रमुख, अपाङ्गता अधिकार प्रवर्द्धन शाखा, महिला, बालबालिका

तथा समाजकल्याण मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय -सदस्य

(घ) अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल -सदस्य

(ङ) शाखा अधिकृत, अपाङ्गता अधिकार प्रवर्द्धन शाखा, महिला,

बालबालिका तथा समाजकल्याण मन्त्रालय -सदस्य सचिव

मन्त्रालयले यसरी प्राप्त भएका विवरण सहितको सिफारिस सम्बन्धी कागजातको एक प्रति अभिलेखको रुपमा राख्नेछ र अर्को प्रति पुनर्स्थापना केन्द्रमा पठाउनेछ ।"

७. <u>मूल सञ्चालन विधिमा दफा १७ थप</u>: मूल सञ्चालन विधिको दफा १६ पछि देहायको दफा १७ थपिएको छः-

"१७. स्थानीय समन्वय तथा अनुगमन समितिः पुनर्स्थापना केन्द्रको कामलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि देहाय बमोजिमको एउटा स्थानीय समन्वय तथा अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित नगरपालिकाका कार्यकारी अधिकृत -संयोजक

(ख) महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत -सदस्य

(ग) सी.बि.आर. संस्थाका प्रमुख -सदस्य

(घ) अपाङ्गताको क्षेत्रमा योगदान गरेका स्थानीय समाजसेवी बुद्धिजीवीहरु मध्येबाट

समितिले तोकेको एक जना -सदस्य

(ङ) पुनर्स्थापना केन्द्र संचालक संस्थाको कार्यकारी प्रमुख -सदस्य सचिव

खण्ड (घ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

८. **<u>रुपान्तरणः</u>** मूल सञ्चालन विधिको ठाउँठाउँमा रहेका "गा.वि.स." को सट्टा "गाउँपालिका" भन्ने शब्द राखी रुपान्तरण गरिएको छ ।